# अभिनव विष्णुचन्द्र गद्य कविता पुरस्कार अर्पण





**पुरुषोत्तम घिमिरे/हिटा**

काठमाडौं, १ असार

अभिनव साहित्य समाजले यस वर्षको अभिनव विष्णुचन्द्र वर्षोत्कृष्ट गद्य कविता पुरस्कारबाट बुद्धिसागर पौड्याललाई सम्मानित गरेको छ । उहाँलाई १० हजार नगदसहित सम्मान गरिएको हो । भैरव स्मृति भवनमा आयोजित कार्यक्रममा २८०औं मासिक शृंखलाअन्तर्गत गृष्म कवि गोष्ठीको प्रमुख अतिथि प्राध्यापक तथा वरिष्ठ पत्रकार एवं साहित्यकार पुरुषोत्तम दाहालले आफ्नो मन्तव्यमा विद्यार्थी तथा अन्य कविकवयित्रीलाई लेखनका लागि उत्प्रेरित गर्दै सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो । विशेष अतिथिहरूमा शीतल गिरी, आरसी रिजाल, ध्रुव थापा, प्रदीपरत्न शाक्य, श्रीकृष्ण पुडासैनी मधुसूदन घिमिरे, खोलाघरे साहिँलो, गंगाप्रसाद भेटवाल, निर्मलरमण पराजुलीलगायतका रहनुभएको थियो ।

समाजका अध्यक्ष गोविन्द घिमिरे वेदमणिले कार्यक्रमको विषयमा संक्षिप्त प्रकाश पार्दै वाचित कविताहरूको छोटकरी टिप्पणीका साथै क्रिष्टोफर कार्की, सरिता दुलाल, संगीता गजुरेल, गीता खनाल र दिवाकर नेउपानेलाई प्रोत्साहन पुरस्कारका लागि सिफारिश गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य घनश्याम प्रसाईं, उद्घोषण बीपी इलामे, व्यवस्थापन नवराज पुडासैनीले गर्नुभएको थियो ।

सो अवसरमा सिर्जना वाचन गर्नेहरूमा महेश्वर खनाल, गंगाप्रसाद भेटवाल, सुशील आचार्य, राजेशमान केसी, आरकेएन खडेरी, सुशील आचार्य, ठाकुप्रसाद खतिवडा, ओमप्रसाद कोइराला, भावना नेउपाने, सुमन किरण, बद्रीप्रसाद सुवेदी, निशा केसी, सपना अधिकारी, बाजुराम पौडेल, हरि डाँगीलगायत ४० जनाभन्दा बढी रहनुभएको छ ।

यसैगरी अभिनव-लक्ष्मीदेवी साहित्य सिरपाका लागि स्थलगत मुक्तक लेखन तथा वाचन प्रतियोगितामा सहभागी विभिन्न विद्यालयका २९ जना विद्यार्थीहरुमा सुशान्त कोइराला सरस्वती मा.वि.प्रथम, समृद्धि श्रेष्ठ उत्तरबाहिनी बोर्डिङ स्कुल द्वितीय र तीनजना अंशु कसजु श्रेष्ठ अरुणिमा मा.वि., सोनिया पौडेल गोकर्णेश्वर महादेव मा.वि. र श्रीषा बर्तौला इष्ट पोल मा.वि. तृतीय हुनुभएको थियो । अन्य सहभागीहरूमा सौरमी तिवारी इष्ट पोल, रोशिका भण्डारी इष्टपोल, ऋदम दोगोडा, सपना विश्वकर्मा, आङसी तामाङ र प्रिउसा परियार विद्यामठ, स्नेहा राई नव अरुणिमा, एनोरथिया तामाङ र प्रशान्त तिमल्सिना पर्ल्स मा.वि., सुस्मिता न्यौपाने, सोना खनाल, रिदिमा खतिवडा र सोनिया पौडेल, गोकर्णेश्वर महादेव, स्मारिका कार्की र इश्मानी कार्की सुसंस्कार, जानकी साह र रानी चौधरी विद्या सागर, एलिशा देवान र निमा शेर्पा उत्तर बाहिनी, अन्तरा यादव, जिया दुलाल, साइन्स राई र रिदम विक, त्रिकोण स्कुल रहनुभएको थियो । शिक्षक तथा शिक्षिका प्रतिनिधिहरुरूमा राजभाइ धौगोडा, पार्वती रावत, सञ्जीव श्रेष्ठ, निश्चल तामाङ, प्रेमा भट्टराई, सीता देवकोटा, पार्वती अधिकारी, प्रार्थना खनाल जोशी, प्रमोदकुमार भण्डारी, राजकुमार नगरकोटीलगायत रहनुभएको थियो ।

# एक सय वर्षअगाडिका तामाखानी उत्खननको पर्खाइ

**डम्मर बुढा मगर/हिटा**

बागलुङ, १ असार

नेपालकै २२ ठूला परम्परागत खानीमध्येको एक हो, जैमिनी नगरपालिका-१० राङ्खानी । तामाको धाउ निकालिएका दर्जनौं सुरुङ रहेको राङ्खानी क्षेत्र उत्खनन्को पर्खाइमा छ । केही सुरुङ मार्ग संरक्षणको अभावमा पुरिएका छन् भने पहिरोले क्षतिसमेत पुर्‍याएको छ । तामा निकाल्ने व्यक्तिहरूको मृत्यु भइसकेकाले जीवन्त इतिहाससमेत पछिल्लो समय मेटिन थालेको छ । राङ्खानीका ९५ वर्षीय बमबहादुर श्रीसले घरनजिकैको पाखोबाट आफ्ना बाबुबाजेले तामाको धाउ निकालेको जानकारी दिनुभयो ।

'बाबाले त धेरै तामा खन्नुभएन, बाजेले तामाको धाउ निकालेर बिक्री गरेर जीविकोपार्जन नै गर्नुभएको थियो रे, पछि तामाको धाउमा कर बढी लगाएपछि खानी बन्द भएको हो,' स्थानीय वृद्ध श्रीसले भन्नुभयो, 'पाखैभरि तामा खनेका डोबहरू छन्, चार मिटरदेखि ५० मिटरसम्मका सुरुङहरू अझै छन्, हामी सुरुङमा हिँडेका समेत छौं, तर कतिपय सुरुङहरू मेटिन थालेका छन्, पहिरोले पुरिएको अवस्थासमेत छ, उत्खनन्मा सरकारले जोड दिन आवश्यक छ ।'

राङ्खानी क्षेत्रमा तामाखानीका थुप्रै सुरुङका प्वालहरू छन् । जसमध्ये केही सुरुङका प्वालहरू मेटिन थालेका छन् । राङ्खानीको डाँडाखानीलगायतका क्षेत्रमा १२० वर्षभन्दा अघिसम्म उत्खनन् गरिएका तामाखानी यतिबेला पुरिने अवस्थामा पुगेका छन् । राज्यलाई कर तिर्न नसकेका कारण उत्खनन् बन्द भएको तामाखानी अझै सञ्चालनमा आउन नसकेको हो । तामाखानीबाट राज्यलाई १४ धार्नी कर बुझाउन नसक्दा बन्द भएको स्थानीय बमबहादुर श्रीसले जानकारी दिनुभयो ।

स्रोतको अभावका कारण कर बुझाउन नसकेर बन्द भएको आफूले सुनेको श्रीसले बताउनुभयो । अहिले पनि तामाका अवशेष रहेकाले यहाँको सम्भाव्यता अध्ययन गरेर खानी सञ्चालनमा ल्याउनुपर्ने स्थानीयवासीको माग छ । स्थानीयले खानी सञ्चालनमा ल्याउँदा स्थानीय सरकार र स्थानीयको आयआर्जन बढ्ने बताए ।

खानीबाट स्थानीयवासीले आफ्नै सीप र प्रविधिको प्रयोगबाट सानो मात्रामा तामा निकाल्ने गरेकोमा पछिल्लो प्रविधिको विकासले ठूलो मात्रामा तामाखानी निकाल्न सकिने स्थानीय लालबहादुर पुनले जानकारी दिनुभयो । यहाँ रहेको खानीमा अन्य जिल्लाका मजदुरहरूसमेत आएर काम गर्ने गरेकाले यहाँ ठूलो मात्रामा तामा रहेको अनुमान गरिएको छ । बाउबाजेले तामाको धाउलाई कुटेर तामा निकाल्थे भनेर सुन्ने गरेको र तामा निकालिएको सुरुङसमेत पाखैभरि रहेको स्थानीय डम्मरबहादुर विकले जानकारी दिनुभयो । उहाँले एउटा सुरुङको प्वालबाट छिरेर अर्को प्वालबाट निस्कन सकिने बताउनुभयो । '२२ खानीअन्तर्गत राङ्खानी पर्दथ्यो, ठूला खानीहरूलाई जोडेर कर संकलनमा २२ खानी पुर्‍याइएको थियो,' विकले भन्नुभयो, '१४ धार्नी तामा बोकेर नेपाल अर्थात् अहिलेको काठमाडौं लैजानुपर्ने थियो, तामाको सुरुङ गहिरो हुँदै जाने तर कर बढी भएकाले विस्तारै तामाखानी बन्द भएको पाइन्छ ।' त्यही खानीबाट उत्पादन भएको तामाका भाँडाकुँडा अझै रहेका छन् ।

खानी सञ्चालन र उत्खननको अधिकार स्थानीय सरकारलाई नभएकाले केन्द्र सरकारले पहलकदमी गर्नुपर्ने वडाध्यक्ष श्रीप्रसाद थापाले जानकारी दिनुभयो । दमेक र राङ्खानी क्षेत्रमा खानीको सम्भाव्यता अध्ययन जैमिनी नगरपालिकाले गरिरहेको बताउनुभयो । तामाको उत्पादनका लागि निकालिएको धाउलाई स्थानीय भाषामा राङ भन्ने चलन भएकाले राङको खानी भएकाले तत्कालीन राजा-रजौटाहरूले यस ठाउँको नाम नै राङ्खानी राखिएको भन्ने चलन छ ।

# खगिन्द्राको 'खुशीको गाउँ'मा भुटानी शरणार्थीका प्रेम र संघर्ष

**काठमाडौं ।** भुटानी शरणार्थीको जीवन संघर्षमा आधारित उपन्यास 'खुशीको गाउँ' विमोचन गरिएको छ । विश्व भुटानी साहित्यिक संगठनले नेदरल्याण्डमा आयोजना गरेको कार्यक्रममा साहित्यकार खगिन्द्रा खुशीको उपन्यास 'खुशीको गाउँ' विमोचन गरिएको हो । सन् १९९० को दशकमा भूटानबाट नेपालीभाषी लखेटिएपछि झापा र मोरङमा आएर शरणार्थी शिविरमा बसोवास गरेको कालखण्ड र पुनर्वासपछि तेस्रो मुलुक पुग्दासम्मका कारुणिक यथार्थ र वास्तविक संघर्षलाई समेटेर 'खुशीको गाउँ' तयार पारिएको छ ।



प्रमुख अतिथि बेल्जियमका लागि नेपाली राजदूत सेवा लम्सालले साहित्यकार खगिन्द्रा खुशीको उपन्यास 'खुशीको गाउँ' विमोचन गर्नुभएको हो । उहाँले भुटानबाट निर्वासित भएको पुस्ताले जीवनभर संघर्ष गरेको स्मरण गर्दै अबका दिन सहज हुने विश्वास व्यक्त गर्नुभएको छ ।

साहित्यकार खगिन्द्रा खुशीले झापा र मोरङका शरणार्थी शिविरमा रहँदा भुटानी शरणार्थीले भोगेका असीमित पीडा, शिविरभित्रको प्रेम जीवनसँगै दुई दशकसम्मको अविराम दु:ख र संघर्षका गाथालाई उपन्यासमा समेटिएको बताउनुभएको छ ।

उपन्यास प्रकाशक संस्था विश्व भुटानी साहित्यिक संगठन (जिबिएलओ) का अध्यक्ष कर्ण गुरुङले 'खुशीको गाउँ' उपन्यासले भुटानबाट लखेटिएपछि दुई दशकसम्म गरेका संघर्षका दिन स्मरण गराएको बताउनुभयो । 'आफ्नै देशबाट थातथलो छोडेर हिँड्नुपर्दा कस्तो हुन्छ भन्ने कुरा हामीलाई मात्रै थाहा छ । यो उपन्यासले संघर्षका ती दिन झलझली सम्झायो । नेपाली साहित्यका क्षेत्रमा खुशीको गाउँ उपन्यास नवीन शैलीको कीर्तिका रूपमा स्थापित हुनेछ,' गुरुङले भन्नुभयो ।

कार्यक्रममा साहित्यकार गोपाल पौडेलको 'धुलोमा हीरा', याम राईको 'याम एक सापेक्ष' विमोचन गरिएको छ । कार्यक्रममा गैरआवासीय नेपाली संघका उपाध्यक्ष विश्वासदीप तिगेला, साहित्यकार पातलो अन्तरे तथा साहित्यिक श्रष्टाहरू प्रकाश आङ्देम्बे, गोपाल पौडेल, डेनजोम साम्पाङ, अनुराधा पौडेल, डिपी शर्मा मैनाली, थुप्तेन ड्रुक्पा, ईश्वर ढकालगायतले उपन्यास 'खुशीको गाउँ'सँगै अन्य कीर्तिको समीक्षा गरेका छन् ।

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०३/०२ गते

यस माछापुच्छ्रे बैंक लि. कन्चनरुप शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **रिमा जेनरल स्टोर** ।
दर्ता नं. ८८५३/२०७७/७८, दर्ता मिति : २०७७/१२/१२, पान नं. ६१५६४७२९०, दर्ता मिति : २०७७/१२/१३
ठेगाना : सप्तरी जिल्ला, कन्चनरुप न.पा. वडा नं. ९, **प्रोप्राईटर : कल्पना देवी यादव**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. कल्पना देवी यादव**<br>ना.प्र.नं. १६३०१४/३६५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६३/१०/१८<br>बाबु : दुर्गा बहादुर कार्की<br>पति : अनिल कुमार यादव, ससुरा : अयोध्या प्रसाद यादव<br>ठेगाना : सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. ३ | **२. अनिल कुमार यादव**<br>ना.प्र.नं. ६२९२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५५/१०/०६<br>बाबु : अयोध्या प्रसाद यादव<br>बाजे : अधिकलाल यादव<br>ठेगाना : सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. ३ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. अयोध्या प्रसाद यादवको बुहारी, अनिल कुमार यादवको पत्नी, सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. ३ बस्ने कल्पना देवी यादवको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ७ स्थित कि.नं. १३७५ को क्षेत्रफल ०-१-० (बिघा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
**(उल्लेखित सम्पत्ति ऋणी अन्जली किड्स वयर र प्रविण कुमार तिवारीको संयुक्त नाममा धितोबन्धकी पारीत भएको) ।**
२. ऋणी रिमा जेनरल स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, कन्चनरुप

---

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

## Federal Water Supply and Sewerage Management Project

**Besisahar, Lamjung**

**Invitation for Bid**

**Date of first publication: June 16, 2025**

1. FWSSMP, Lamjung invites electronic bid from eligible bidders for the following works:

| Contract Number | Description and location of work | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Validity and Bid Security Validity Period | Opening of Bid |
|---|---|---|---|---|---|
| IFB/15/2081/82/Goods/FWSSMP/Lamjung | Supply And delivery of HDPE (PE-100) Pipes for different Water Supply Projects (Package 3) | 50,000 | 1,000 | 45 & 75 days Respectively from Bid Opening Date | July 01, 2025 (13:00 Hrs.) |
| IFB/16/2081/82/Goods/FWSSMP/Lamjung | Supply And delivery of HDPE (PE-100) Pipes for different Water Supply Projects (Package 4) | 50,000 | 1,000 | 45 & 75 days Respectively from Bid Opening Date | July 01, 2025 (13:00 Hrs.) |

| Bank Name | Name of Office | Revenue Account |
|---|---|---|
| Rastriya Banijya Bank Ltd. | Federal Water Supply and Sewerage Management Project, Lamjung | **a) Office Code Number:** 313-013-701 **b) Account Number:** 1000100200010000 **c) Revenue Code Number:** 14229 |

2. Eligible Bidders may obtain further information at FWSSMP Lamjung (Tel: 066-520110, Email: **fwssmplamjung@gmail.com** or may visit of PPMO's website **https://www.bolpatra.gov.np/egp**

**Project Chief**

---

## Manebhanjyang Rural Municipality

**Office of the Rural Municipal Executive**

**Okhaldhunga, Nepal**

**Invitation Sealed Bids**

**Date of Publication: 2082/03/02 B.S. (16 June 2025)**

Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive, Okhaldhunga invites only electronic Bids from eligible bidders for the following Works under SQ Procedures respectively. For the further information please visit E-GP portal of Public Procurement Monitoring Office (PPMO) i.e (https://www.bolpatra.gov.np) or contact Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive.

| S. N. | Contract ID. | Description of Work | Bid Security Amount NRs. | Bid Fee NRs. | Estimated Amount (With 13% VAT) | Last Date of Bid-Submission |
|---|---|---|---|---|---|---|
| 1. | MRM/SQ/SMB/18/081-082 | Supply Delivery and Installation of Smart Board With OPS at Manebhanjyang Rural Municipality | 22,000.0 | 1,000.00 | 8,75,000.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 2. | MRM/SQ/MLKT/19/081-082 | Supply and Delivery of Chhapae Mechine, Laptop Kharid Tatha Computer Kharid | 35,000.00 | 1,000.00 | 15,15,900.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 3. | MRM/SQ/SMP1/20/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Kalika Secondary School, Ward No.-01 Moli | 35,000.00 | 1,000.00 | 15,24,600.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 4. | MRM/SQ/SMP2/21/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Manakamana Secondary School, Ward No.-02, Waksa | 35,000.00 | 1,000.00 | 16,63,200.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 5. | MRM/SQ/SMP3/22/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Rajya Laxmi Secondary School, Ward No.-03, Unbu | 35,000.00 | 1,000.00 | 16,63,200.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 6. | MRM/SQ/SMP4/23/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Bhimsensthan Secondary School, Ward No.-04, Kettuke | 35,000.00 | 1,000.00 | 13,86,000.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 7. | MRM/SQ/SMP5/24/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Bhagawati Secondary School, Ward No.-05, Manebhanjyang | 45,000.00 | 1,000.00 | 18,01,800.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 8. | MRM/SQ/SMP6/25/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Mahadevsthan Secondary School, Ward No.-06, Thakle | 35,000.00 | 1,000.00 | 13,86,000.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 9. | MRM/SQ/SMP7/26/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Harkapur Secondary School, Ward No.-07, Harkapur | 35,000.00 | 1,000.00 | 16,63,200.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |
| 10. | MRM/SQ/SMP8/27/081-082 | Supply, Delivery and Installation of Smart Board without OPS for Shree Niketan Secondary School, Ward No.-09, Madhavpur | 35,000.00 | 1,000.00 | 13,86,000.00 | 2082/3/17 BS (01 July 2025) 12:00 PM |

**Chief Administrative Officer**

CMYK